# देवचुली नगरपालिका

## स्थानीय राजपत्र

खण्डः५ संख्याः५

स्थानीय राजपत्रमा प्रकाशित मितिः२०७९/१०/०५

**कार्यपालिकाबाट स्वीकृत मितिः२०७९/०९/२४**

### भाग २

# देवचुली नगर अस्पताल, दुम्कौली संचालन तथा व्यवस्थापन कार्यविधि-२०७९

देवचुली नगरपालिका राजपत्र

# परिच्छेद १ :

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(क) यो कार्यविधिको नाम **देवचुली नगर अस्पताल,दुम्कौली संचालन तथा व्यवस्थापन कार्यविधि,२०७९** रहेको छ।

(ख) यो कार्यविधि नगर कार्यपालिकाबाट पारित भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

(क) अस्पताल भन्नाले देवचुली नगरपालिकाले संचालन गरेको देवचुली नगर अस्पताललाइ संम्झनु पर्दछ ।

(ख) अध्यक्ष भन्नाले अस्पताल संचालन तथा व्यवस्थापन समितिको अध्यक्ष संम्झनु पर्दछ ।

(ग) उप प्रमुख भन्नाले देवचुली नगरपालिका उप प्रमुखलाइ संम्झनु पर्दछ ।

(घ) अस्पताल प्रमुख भन्नाले अस्पतालमा कार्यरत चिकित्सक वा कर्मचारी मध्ये सबै भन्दा जेष्ठ कर्मचारीलाई सम्झनु पर्दछ ।

(ङ) कार्यपालिका भन्नाले देवचुली नगरपालिकाको नगरकार्यपालिका सम्झनु पर्दछ ।

(च) कार्यविधि भन्नाले नगर अस्पताल संचालन तथा व्यवस्थापन कार्यबिधि २०७९ संम्झनु पर्दछ ।

(छ) चिकित्सक तथा स्वास्थ्य कर्मी भन्नाले स्वास्थ्य सेवा सेवा प्रदान गर्ने प्रचलित कानुन बमोजिम सम्बन्धित परिषदवाट अनुमती प्राप्त ब्याक्ति सम्झनु पर्दछ ।

(ज) नगरपालिका भन्नाले देवचुली नगरपालिका संम्झनु पर्दछ ।

देवचुली नगरपालिका राजपत्र

(झ) नगरपालिका क्षेत्र भन्नाले देवचुली नगरपालिकाको भूभाग सम्झनु पर्दछ ।

(ञ) पदाधिकारी भन्नाले व्यवस्थापन समितिका अध्यक्ष,उपाध्यक्ष र सदस्य लगायतका पदाधिकारीलाई संम्झनु पर्दछ ।

(ट) समिति भन्नाले दफा ३ बमोजिम गठित देवचुली नगर अस्पताल,दुम्कौली संचालन तथा व्यवस्थापन समिति संझनु पर्दछ ।

(ठ) शाखा भन्नाले नगरपालिकाको स्वास्थ्य शाखा संम्झनु पर्दछ ।

## परिच्छेद -२

**३. दुम्कौली नगर अस्पताल संचालन तथा व्यवस्थापन**

(१) आधारभूत स्वास्थ्य सेवा तथा अन्य स्वास्थ्य सेवा प्रदान गर्नको लागि नगरपालिकाले देवचुली नगर अस्पतालबाट देहाय बमोजिमका सेवा संचालन गर्न सक्नेछ ।

(क) अस्पतालबाट दिइने सेवा
(ख) फार्मेसी
(ग) स्वास्थ्य क्लिनिक
(घ) आयुर्वेद क्लिनिक
(ङ) रक्त संचार केन्द्र
(च) आधारभूत स्वास्थ्य सेवा केन्द्र
(छ) शहरी स्वास्थ्य केन्द्र
(ज) प्रयोगशाला सेवा
(झ) जनस्वास्थ्य परामर्श केन्द्र
(ञ) एक्सरे सेवा
(ट) भिडियो एक्सरे सेवा

(ठ) मुख स्वास्थ्य सेवा

(ड) आखा उपचार केन्द्र

(ढ) नगरपालिकाले तोके बमोजिमका अन्य स्वास्थ्य संस्था

(२) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाको तहगत संरचना र सेवा तथा पूर्वाधारको न्यूनतम मामदण्ड नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम स्वास्थ्य संस्था स्थापना गर्दा नगरपालिकाले जनसंख्या, भुगोल र लाभान्वित वर्गको अनुपातमा आवश्यकता अनुसार प्रत्येक वडामा कम्तिमा एक स्वास्थ्य संस्था र नगरपालिकामा कम्तिमा एक अस्पताल रहने गरी स्थापना तथा संचालन गर्न सक्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाले स्वास्थ्य सेवा सुलभ र सहज रुपमा संचालन गर्न स्वास्थ्य सेवालाई एकीकृत रुपमा संचालन गर्न सक्नेछ ।

(५) नगरपालिकाले हाल सञ्चालनमा रहेका प्राथमिक स्वास्थ्य सेवाकेन्द्र,दुम्कौलीलाई  प्रचलित मापदण्ड बमोजिम स्तरोन्नति गरी सञ्चालन गर्न सक्नेछ ।

(६) स्वास्थ्य संस्था स्थापना गर्दा नगरपालिकाले नेपाल सरकार र प्रदेश सरकारसंग समन्वय गर्न सक्नेछ ।

(७) प्रचलित मापदण्डको अधिनमा रही नगरपालिकाले आफ्नो स्वामित्वमा संचालित दुम्कौली नगर अस्पताल मार्फत विशेषज्ञ सेवा प्रदान गर्न सक्नेछ ।

(८) उपदफा (७) बमोजिम विशेषज्ञ सेवा संचालन गर्दा नेपाल सरकार, प्रदेश सरकारसंग समन्वय र सहकार्य गर्न सक्नेछ ।

(९) नगरपालिकाभित्र संचालित दुम्कौली नगर अस्पतालले अनिवार्य रुपमा आफ्नै फार्मेसी सञ्चालन गरी अत्यावश्यक निःशुल्क औषधी तथा सुपथ मूल्यमा अन्य आवश्यक औषधिहरु उपलब्ध गराउनु पर्नेछ ।

**४. स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको गठन**

(१) नगरपालिकाको स्वामित्वमा संचालन भएका देवचुली नगर अस्पताल, दुम्कौलिको संचालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमको अस्पताल व्यवस्थापन समिति हुनेछ ।

(क) नगर प्रमुख : अध्यक्ष

(ख) उप प्रमुखः उपाध्यक्ष

(ग) नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत : सदस्य

(घ) देवचुली नगर अस्पताल रहेको वडा अध्यक्ष सहित कार्यपालिकाले तोकेको वडा अध्यक्ष ३ जनाः सदस्य

(ङ) महिला स्वयंसेविका वा सामाजिक वा स्वास्थ्य वा शिक्षा क्षेत्रमा कृयाशिल स्थानीय व्यक्तिहरु मध्य कार्यपालिकाले तोकेको कम्तिमा एक महिला सहित दुई जनाः सदस्य

(च) अस्पतालको पारामेडिक्स / नर्सिङ इन्चार्ज : सदस्य

(छ) स्थानीय उद्योग बाणिज्य संघको अध्यक्ष वा उक्त क्षेत्रमा कृयाशिल प्रतिनिधि : सदस्य

(ज) स्वास्थ्य शाखा प्रमुख : सदस्य

(झ) सस्थाको पूर्व अध्यक्षहरु मध्यबाट नगर कार्यपालिकाले तोकेको १ जना : सदस्य

(ञ) नगरपालिकाको आर्थिक प्रशासन शाखाको प्रतिनिधि १ जना : सदस्य

(ट) अस्पतालको प्रमुख /मेडिकल सुपरिटेण्डेन्ट : सदस्य सचिव

(२) समितिले दलित, जनजाति, अपांगता भएका, जेष्ठ नागरिक, किशोर किशोरी मध्येबाट एक-एक जना व्यक्तिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिले आवश्यक देखेमा स्थानीय समाजसेवी,विज्ञ वा कर्मचारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) समिति सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**५. <u>संचालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः</u>**

(क) अस्पतालमा  नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट जारी गरिएको आधारभूत स्वास्थ्य सेवा प्रवाह र न्यूनतम सेवा मापदण्ड कार्यान्वयनको सुनिश्चितता गराउने ।

(ख) अस्पतालबाट गुणस्तरीय प्रभावकारी एवं दीगो सेवा प्रवाहको लागि स्वास्थ्य संस्थाको उन्नति र विकासको सन्दर्भमा आवश्यक नीति, योजना कार्यक्रम तर्जुमा र निर्णय गरी कार्यान्वयन गर्ने, गराउने ।

(ग) स्वास्थ्य सेवाको पहुँचबाट वञ्चित स्थानीय समुदायलाई स्वास्थ्य सेवाको पहुँचको सुनिश्चितता गर्न आवश्यक कार्यहरू गर्ने ।

(घ) भौगोलिक अवस्था, अल्पसंख्यक आदिवासी जनजाति, ज्येष्ठ नागरिक, विपन्न वर्ग, अपांगता, बालबालिका, किशोर किशोरी, महिला समूह समेतलाई मध्येनजर राखी स्वास्थ्य संस्थाको प्राथमिकता र योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।

(ङ) अस्पतालको  व्यवस्थापन र सञ्चालनको लागि आवश्यक स्रोत साधन जुटाउन पहल गर्ने, वार्षिक बजेट तथा कार्यक्रम तयार गर्ने ।

(च) अस्पतालबाट प्रवाह भएका सेवाहरूको नियमित अनुगमन र समीक्षा गरी सेवाको निरन्तर रूपमा गुणस्तर अभिवृद्धि गर्न आवश्यक निर्णय लिने ।

(छ) स्वास्थ्य बीमा कार्यक्रम, खोप कार्यक्रम, मातृशिशु सुरक्षा कार्यक्रम जस्ता राष्ट्रिय अभियान तथा कार्यक्रमहरूको कार्यान्वयनको आवश्यक प्रवन्ध मिलाउने ।

(ज) नगरपालिकाले तोके बमोजिम अति विपन्न, असहाय तथा अपाङ्गता भएका व्यक्तिहरूलाई नि :शुल्क वा सहुलियतपूर्ण स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक प्रवन्ध मिलाउने ।

(झ) अस्पतालमा कार्यरत जनशक्तिको क्षमता विकास एवं वृत्ति विकासको लागि आवश्यक कार्य गर्ने ।

(ञ) सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपलब्धता सुनिश्चित गराउनका लागि आवश्यक मानव स्रोतको क्षमता विकास व्यवस्थापन सम्बन्धी कार्य गर्ने तथा सेवा प्रदायक र स्वास्थ्यकर्मीहरुलाई सहज रुपमा कार्य गर्न अनुकूल तथा सुरक्षित बातावरण सृजना गर्ने र उच्च कार्य सम्पादनका लागि प्रोत्साहित गर्ने ।

(ट) अस्पतालको भौतिक सम्पत्तिको एकिन तथ्यांक अध्यावधिक गर्ने एवं सम्पत्तिको संरक्षण गर्ने, गराउने । स्वास्थ्य संस्थाको भौतिक संरचना तथा मर्मत संभारको ब्यवस्थापन गर्ने ।

(ठ) अस्पतालको भौतिक पूर्वाधार तथा सेवा प्रवाह औषधि, औजार उपकरण) को लागि स्वास्थ्य संस्थाको नियमित स्व मूल्यांकनका आधारमा आवश्यक स्थानीय वित्तीय स्रोत साधनहरुको पहिचान तथा परिचालनमा सहयोग गर्ने र सो व्यवस्थापनका लागि सम्बन्धित निकायमा आवश्यक सिफारिस गर्ने ।

(ड) अस्पतालबाट दिईने सेवाको लक्ष्य अनुसार प्रगति भए नभएको अनुगमन गर्ने ।

(ढ) स्वास्थ्य सूचनाको उचित व्यवस्थापन गर्न स्वास्थ्य सम्बन्धी तथ्यांक सूचना संकलन, विश्लेषण गरी सोको उपयोगमा वृद्धि ल्याउने । रेकर्डिङ्ग तथा रिपोर्टिङ्गलाई सुनिश्चित गरी यसको मासिक तथा आवधिक समीक्षा गर्ने ।



देवचुली नगरपालिका राजपत्र

(ण) अस्पतालको भौगोलिक कार्यक्षेत्र भित्रको स्वास्थ्य समस्या र आवश्यकताको विश्लेषण गरी तथ्यमा आधारित योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने ।

(त) स्वास्थ्य सेवामा सुशासनलाई मध्यनजर गरी जन र सामाजिक जवाफदेहिता सुनिश्चित गर्दै सेवाग्राही मैत्री स्वास्थ्य सेवालाई सुदृढीकरण गर्न सहयोग तथा सहजीकरण गर्ने ।

(थ) विद्‍युतीय स्वास्थ्यको अवधारणा अन्तर्गतका नगरपालिका र स्वास्थ्य शाखासंग आवश्यक समन्वय गर्ने ।

(द) अघिल्लो बैठकले गरेका निर्णयहरूको कार्यन्वयनको स्थितिबारे पुनरावलोकन गरी जनस्वास्थ्यका कार्यक्रम तथा स्वास्थ्य सेवा संचालन आदीमा आएका समधान हुन नसकेमा समस्याहरु समाधानका लागि नगरपालिका तथा सम्बन्धित निकायमा पठाउने ।

(ध) नगरपालिकाले बनाएको आवधिक कार्यक्रम कार्यन्वयन, अनुगमन, समीक्षा र स्वास्थ्य संस्थाको आवधिक तथा वार्षिक प्रगति प्रतिवेदन नगरपालिका समक्ष पेश गर्ने ।

(न) नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन बमोजिम स्वास्थ्य सम्बन्धी स्थानीय तहको एकल तथा साझा अधिकारहरू कार्यन्वयनका लागि व्यवस्थापन, समन्वय र सहयोग गर्ने ।

(प) समितिले हरेक वर्ष बार्षिक कार्ययोजना सहित बजेट र कार्यक्रम नगरपालिकाबाट स्वीकृत गराउने ।

(फ) प्रत्येक वर्ष जिन्सी निरीक्षण गरि सो को प्रतिबेदन नगरपालिकामा पेश गर्नुपर्नेछ ।

(ब) अस्पताल संचालन तथा ब्यबस्थापन समितिको बैठक २ महिनाको १ पटक बस्नु पर्नेछ तर आबश्यकता अनुसार थप पटक पनि बस्न सकिनेछ ।

देवचुली नगरपालिका राजपत्र

(भ) संचालन तथा ब्यबस्थापन समितिको बैठक भत्ता प्रति बैठक प्रति पदाधिकारी रु १ हजार नियमानुसार कर कट्टा गरि अस्पतालको आन्तरिक आम्दानीबाट उपलब्ध गराइनेछ ।

(म) दुम्कौली अस्पतालबाट दिइने स्वास्थ्य सेवाको सेवा शुल्क समितिको निर्णयानुसार हुनेछ ।

(य) कर्मचारीको थप सेवा सुबिधा संचालक समितिले निर्णय गरि नगर कार्यपालिकाबाट स्वीकृत गराई कार्यान्वयन गरिनेछ ।

(र) करार कर्मचारीहरु आबश्यकता अनुसार थपघट गर्ने सम्पूर्ण जिम्मेवारी संचालन तथा ब्यबस्थापन समितिलाई हुनेछ वा समितिको सिफारिसमा नगरपालिकाले गर्नेछ ।

(ल) खरिद ईकाईबाट खरिद भएका औषधि,स्वास्थ्य सामाग्रीहरु एबम उपकरणहरु र अन्य कार्यक्रमको खर्च भुक्तानी समितिको निर्णयानुसार हुनेछ ।

(व) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाले चलाएका स्वास्थ्य सम्बन्धी कार्यक्रम तथा अभियानहरु र नगरपालिकाले तोके बमोजिमका अन्य कार्यहरू गर्ने ।

**६. पदाधिकारीहरुको पदावधिः**

(१) व्यवस्थापन समितिका पदाधिकारीहरुको पदावधि नियुक्ति भएको मितिले ५ वर्षको हुनेछ तर, पदाधिकारीको पदावधि बाँकी रहँदै सम्बन्धित स्थानीय तहको निर्वाचन सम्पन्न भएमा समिति स्वत समाप्त हुनेछ ।

(२) कुनै पनि व्यक्ति दुई कार्यकाल भन्दा बढी स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिमा रहन सक्ने छैन ।तर, पदेनको हकमा यो प्रावधान लागु हुने छैन ।

स्पष्टिकरणः यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आफ्नो जिम्मेवारी पुरा नगर्ने समिति पदाधिकारी तथा सदस्यलाई कार्यपालिकाले निश्चित समय दिई बोर्डको सिफारिसमा समितिबाट हटाउन सक्नेछ ।

**७. रिक्त हुनेः निम्न अवस्थामा पदाधिकारी तथा सदस्यहरुको पद रिक्त हुनेछ;**

(क) मृत्यु भएमा,

(ख) राजिनामा दिएमा,

(ग) बिना सूचना लगातार तीनपटक समितिको बैठकमा अनुपस्थित भएमा ।

(घ) फौजदारी अभियोग लागेमा ।

(ङ) स्वास्थ्य संस्थाको अहित हुने काम गरेको ठहर भएमा ।

**८. व्यवस्थापन समितिको कोषः**

(१) समितिको नाममा एउटा छुट्टै कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहने छन् र स्वास्थ्य संस्थाको खर्च सो कोपबाट व्यहोरिने छ ।

(क) नगरपालिकाबाट प्राप्त रकम ।

(ख) सम्बन्धित स्वास्थ्य संस्थाको आम्दानी रकम

(ग) स्वदेशी व्यक्ति, दाता, गुठी वा संस्थाबाट प्राप्त रकम ।

(घ) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम ।

(ङ) अस्पतालले संचालन गरेको सेवा वापत प्राप्त रकम ।

(च) वैदेशिक अनुदान, संघ संस्था वा व्यक्तिबाट प्राप्त अनुदान वा सहयोग रकम ।

देवचुली नगरपालिका राजपत्र

(छ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (छ) बमोजिमको रकम प्राप्त गर्नु अगाडि प्रचलित कानून बमोजिम स्वीकृति लिनुपर्नेछ ।

(४) स्वास्थ्य संस्थालाई प्राप्त हुने सबै प्रकारका आम्दानी उपदफा (१) बमोजिमको कोष खातामा आम्दानी बाध्नुपर्नेछ ।

(५) व्यवस्थापन समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

**९. कोष तथा लेखा संचालनः**

(१) स्वास्थ्य संस्थाको व्यवस्थापन समितिको आयव्यय दुरुस्त राख्ने जिम्मा सम्बन्धित स्वास्थ्य संस्था प्रमुख र लेखा प्रमुखको हुनेछ ।

(२) स्वास्थ्य संस्थाको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम हुनेछ ।

(३) कोषको खाता संचालन समितिले निर्णय गरे बमोजिम सरकारी कारोबार गर्न स्वीकृति प्राप्त बैंक तथा वित्तीय संस्थामा हुनेछ ।

(४) खाता संचालन देवचुली नगर अस्पताल संचालन तथा ब्यबस्थापन समितिका आर्थिक प्रशासन शाखाका कर्मचारी र अस्पतालको कार्यालय प्रमुख (सदस्य सचिब) को संयुक्त दस्तखतमा हुनेछ ।

(५) कोष खाता र खर्च खाताबाट भएको आर्थिक कारोबारको उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता आर्थिक कारोबारको निर्णयकर्ता र सम्बन्धित खाता सञ्चालन गर्न अधिकार प्राप्त कर्मचारीको हुनेछ ।

(६) अस्पतालको आम्दनी र खर्चको अभिलेख, आम्दानी र खर्च सम्बन्धी कार्यविधि, लेखाको अभिलेखको सिद्धान्त, आर्थिक विवरण तयारी, सम्पत्तिको अभिलेख तथा जिन्सी व्यवस्थापन,आय व्यय तथा सम्पत्तिको विवरण तयारी, आन्तरिक लेखापरीक्षणको सिद्धान्त, बेरुजु

देवचुली नगरपालिका राजपत्र

अभिलेख, बेरुजु फछ्र्योट लागयतका विषयहरू प्रचलित आर्थिक कार्यविधि सम्बन्धी कानुन बमोजिम हुनेछ ।

(७) अस्पताललाई आवश्यक पर्ने निर्माण, मालसामान, परामर्श सेवा र अन्य सेवाको खरिद सम्बन्धी व्यवस्था र खरिद प्रक्रिया नेपाल सरकारबाट जारी सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली बमोजिम हुनेछ ।

(८) अस्पताललाई आबश्यक पर्ने सामानको बार्षिक खरिद योजना बनाई समितिबाट स्वीकृत गराउनु पर्नेछ ।

**१०. लेखा परीक्षण:**

(१) व्यवस्थापन समितिले तोकिए वमोजिम आय व्ययको आन्तिरिक नियन्त्रण प्रणाली कायम गर्नेछ ।

(२) आन्तिरिक लेखा परीक्षण देवचुली नगरपालिकाको आ.ले.प./आर्थिक प्रशासन शाखाले गर्नेछ ।

(३) बाहिय लेखा परीक्षण मान्यता प्राप्त लेखा परिक्षकवाट नगरपालिकाले तोकेको लेखा परिक्षकले गर्नेछ ।

## परिच्छेद -३

**११. जनशक्ति,औषधि तथा उपकरणको ब्यबस्थापन**

१. १५ बेडको देवचुली नगर अस्पताल,दुम्कौलीमा नेपाल सरकार संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्णय गरि पठाएको नमुना संगठन संरचना र ३० जना दरबन्दीमा थपघट गरि अनुसूची १ अनुसारको दरबन्दी स्वीकृत गर्ने र किताबखानामा दरबन्दी स्वीकृत गराई कार्यरत पद र तह अनुसारको स्वास्थ्यकर्मीलाई उक्त दरबन्दीमा मिलान गरि रिक्त रहने दरबन्दीमा लोकसेवा आयोग मार्फत पदपूर्तिको प्रक्रिया अगाडी बढाउने ।

देवचुली नगरपालिका राजपत्र

२. नगर अस्पताल संचालन अघि प्राथमिक स्वास्थ्य केन्द्र,दुम्कौली संचालन तथा ब्यबस्थापन समितिले करारमा नियुक्ति गरेका सबै कर्मचारीलाई नगर कार्यपालिकाले तोकेको प्रोत्साहन भत्ता सहित जिम्मेवारीबाट हटाई २०७९ माघ १ गते देखि करार सम्झौता नगर्ने तथा अत्याबश्यक कर्मचारीलाई अर्को व्यवस्था नहुदा सम्म दैनिक ज्यालादारीमा राखी कामकाजमा लगाउने अन्य अत्याबश्यक तथा दक्ष कर्मचारीलाई पुन आबश्यक प्रक्रिया (नगरपालिकाको प्राबिधिक कर्मचारी छनौट कार्यविधि २०७६ पहिलो संशोधन अनुसार) पुरा गरेर मात्र संचालक समितिको सिफारिसमा नगरपालिकाले नियुक्ति गर्ने  तर देवचुली नगरपालिकाबाट मिति २०७९/०४/०२ गतेको बिज्ञापन अनुसार लिखित परिक्षा र अन्तरबार्ता समेतबाट छनौट भएर दुम्कौली अस्पतालबाट करार सम्झौता गरि काममा निरन्तर रहेकालाई मात्र अस्पताल संचालन तथा ब्यबथापन समितिले करार सम्झौता सम्बन्धि मापदण्ड २०७८ को परिच्छेद तिन दफा १० बमोजिम कार्यसम्पादन मुल्यांकनका आधारमा थप समयका लागि करार सम्झौता थप गरि फार्मेसी सहायक पाचौ-१, रेडियोग्राफर सहायक पाचौ-१,कम्प्युटर अपरेटर चौथो तह-१ र ल्याब असिस्टेन्ट चौथो तह-१ लाई कामकाजमा खटाउन सक्नेछ ।

३. अस्पतालमा नेपाल सरकार,प्रदेश सरकार र नगरपालिकाले दरबन्दी निर्धारण गरे अनुसारको देहाय बमोजिमका कर्मचारीको व्यवस्था हुनेछ ।

क. स्थायी - नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्य जनशक्ति र लोकसेवाबाट पदपूर्ति हुने स्थायी जनशक्ति ।

ख. करार- करार सेवामा भर्ना गरिएका जनशक्ति ।



देवचुली नगरपालिका राजपत्र

ग. अभ्यासकर्ता -छात्रवृति प्राप्त गरी अध्ययनरत बिद्यार्थीहरुले अनिबार्य सेवा गर्नुपर्ने तथा पूर्ण वा आंशिक रुपमा नगरपालिकाको सहयोग प्राप्त गरि छात्रवृतिमा अध्ययन गरेका बिद्यार्थी ।

घ. विभिन्न शैशिक सस्थाहरुबाट ईन्टनशिप (OJT) बिद्यार्थीहरु ।

४. अस्पतालको सेवा प्रबाह उपदफा (१) बमोजिमको कर्मचारीबाट गराउन अपुग भएमा अस्पतालले नगरपालिकाको स्वीकृत लिई आफ्नै स्रोतबाट आर्थिक ब्यबस्थापन गरि सेवा करारमा थप कर्मचारी नियुक्ति गर्न सक्नेछ ।

५. सेवा करार वा करार सेवामा कर्मचारी नियुक्ति गर्दा देवचुली नगरपालिकाको करारमा प्राबिधिक कर्मचारी ब्यबथापन निर्देशिका २०७६ पहीलो संशोधन अनुसारको कार्यविधि अपनाउनु पर्नेछ ।

६. अस्पतालमा कार्यरत रहेका उपदफा (२) बमोजिमका कर्मचारीहरुको सेवा सर्त र सुबिधा प्रचलित कानुनमा व्यवस्था भएभन्दा  कम नहुने गरि समितिले निर्धारण गर्नेछ  ।

७. यो कार्यविधि प्रारम्भ हुदाका बखत अस्पतालमा कार्यरत कर्मचारीहरुलाई समितिले निर्णय गरि थप सुबिधा उपलब्ध गराउन सक्नेछ ।

८. कार्यपालिकाले ब्यबस्थापन समितिको सिफारिसमा जनशक्तिको दरबन्दी संशोधन गर्नसक्नेछ ।

९. नगरपालिकाले अस्पताललाई आबश्यक पर्ने जनशक्ति भर्ना र छनौट गरि अस्पताललाई सिफारिस गर्नेछ ।

१०. कार्यालय प्रमुखको रुपमा अस्पताल प्रमुखले कार्य गर्नेछ ।

११. अस्पताल प्रमुखसंग प्रमुख प्रशासकीय अधिकृतले र अन्य कर्मचारीसंग अस्पताल प्रमुखले कार्यसम्पादन करार गर्नुपर्नेछ ।

१२. समितिले अस्पताल मार्फत बिशेषज्ञ सेवा प्रदान गर्दा आबश्यक जनशक्ति अपुग भएमा कार्यपालिकाको स्वीकृतिमा जनशक्ति ब्यबस्थापन गर्नेछ ।

१३. समितिले नगरपालिकासंग समन्यव गरि सरकारी,निजि तथा गैरसरकारी स्वास्थ्य सस्थासंगको साझेदारीमा सेवा करारमार्फत पनि जनशक्ति ब्यबस्थापन गर्न सक्नेछ ।

१४. कर्मचारी तथा स्वास्थ्यकर्मीहरुको सम्पूर्ण सेवा सुबिधा अतिरिक्त समय रात्रीकालिन सेवा तथा सट्टा बिदा प्रचलित कानुन बमोजिम तथा समितिले तोके बमोजिम हुनेछ ।

१५. नगर अस्पतालबाट नेपाल सरकारले उपलब्ध गराएको स्वास्थ्य बिमा कार्यक्रम कर्मचारीको आबश्यक ब्यबस्थापन गरि २४ सै घण्टा संचालन गरिनेछ ।

१६. औषधि खरिद,भण्डारण तथा वितरण :

क. नगरपालिकाबाट निशुल्क वितरण गर्ने औषधि तथा अस्पताल फार्मेसीबाट बिक्री वितरण गर्ने औषधि अपर्याप्त भएमा नगरपालिकासंगको समन्वयमा अस्पतालले आबश्यक औषधि खरिद गर्न सक्नेछ ।

ख. अस्पतालले बार्षिक रुपमा आबश्यक पर्ने औषधि तथा स्वास्थ्य उपकरणको अनुमान गरि बार्षिक खरिद योजना बनाई नगरपालिकाबाट स्वीकृत गर्नुपर्नेछ ।

ग. अस्पतालले निशुल्क उपलब्ध गराउने औषधि नियमित रुपमा उपलब्धताको व्यवस्था गर्नुपर्नेछ ।

घ. अस्पतालले अस्पतालमा आउने बिरामीको संख्या तथा रोगको आधारमा औषधिको माग तथा आपूर्तिको नियमित सन्तुलनको व्यवस्था मिलाउनुपर्नेछ ।

देवचुली नगरपालिका राजपत्र

ङ. औषधि नस्ट हुनबाट बचाउन तथा गुणस्तर कायम गर्न नेपाल सरकारले तोकेको मापदण्ड अनुसार औषधि भण्डारण गर्नुपर्नेछ ।

च. औषधि आपूर्ति तथा वितरणलाई पारदर्शी बनाउन अस्पताल प्रमुखले एकजना व्यक्ति तोक्नेछ ।

छ. स्टोर किपरले खर्च भएर जाने र नजाने जिन्सी रजिस्टरको लगत राखी ब्यबस्थापन समिति समक्षत्रैमासिक रुपमा पेश गर्नेछ ।

ज. प्रेसक्रिप्सन अनुसार औषधिको समुचित प्रयोगको लागि सेवाग्राही वा हेरचाह गर्ने व्यक्ति वा औषधि लिन आउने व्यक्तिलाई औषधि दिने व्यक्तिले निम्न बमोजिम जानकारी दिनुपर्नेछ ।

- औषधिको सेबन बिधि र मात्रा
- औषधिको सेबन अबधि
- औषधिबाट हुन सक्ने प्रति असर
- औषधि सेबन अबधिभर अपनाउनुपर्ने साबधानी
- औषधि सुरक्षित राख्ने स्थान र बिधि

झ. औषधि वितरण गर्दा औषधि बिक्रि वितरण सम्बन्धि संहिता र औषधि सम्बन्धि प्रचलित कानुनको पालना गर्नुपर्नेछ ।

ञ. अस्पतालले आपूर्ति ब्यबस्थापन सूचनाप्रणालीमा नियमित रुपमा औषधि उपकरणको विवरण पठाउनु पर्नेछ ।

**<u>१२. फार्मेसी संचालन गर्ने :</u>**

१. निशुल्क औषधि वितरण तथा अस्पतालमा आबश्यक औषधि बिक्रीवितरण गर्न अस्पतालले आफ्नै फार्मेसी संचालन गर्नेछ ।

२. फार्मेसी मार्फत बिक्रीवितरण गर्ने औषधिको ब्यबस्थापन नगरपालिकाको समन्वयमा अस्पतालले  गर्नेछ ।

३. फार्मेसी संचालन सम्बन्धि अन्य व्यवस्था प्रचलित कानुन र फार्मेसी संचालन निर्देशिका बमोजिम हुनेछ।

**१३. एम्बुलेन्स संचालन :**

१. अस्पताल आफ्नै स्रोतबाट वा अन्य संघ सस्थाको सहयोग र साझेदारीमा एम्बुलेन्स सेवा संचालन गर्न सक्नेछ ।

२. एम्बुलेन्स संचालन सम्बन्धि अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

३. एम्बुलेन्स चालकको सेवा सुबिधा र खर्चको ब्यबस्थापन समितिले तोके अनुसार हुनेछ ।

**१४. खरिद ईकाई समिति गठन तथा जिमेवारी सम्बन्धमा :**

१. अस्पतालको लागि आबश्यक पर्ने औषधि,उपकरण लगायत अन्य सामग्रीहरु खरिद गर्न तपसिल बमोजिम खरिद ईकाई समिति गठन गर्ने

क. देवचुली नगरपालिका आर्थिक प्रशासन शाखाको प्रतिनिधि - १ जना

ख. देवचुली नगरपालिका स्वास्थ्य शाखाको प्रतिनिधि - १ जना

ग. दुम्कौली नगर अस्पताल स्टोरकिपर वा फार्मेसी सहायक - १ जना

घ. अस्पताल संचालक समितिले तोकेको सदस्य(जन प्रतिनिधि बाहेक अन्य) - १ जना

ङ. सदस्य सचिब - देवचुली नगर अस्पताल प्रमुख / मेडिकल सुपरिटेण्डेन्ट - १ जना

२. खरिद ईकाई समितिको पहिलो बैठक बसी समिति आफैले जेष्ट सदस्यलाई खरिद समितिको संयोजक तोक्नेछ ।

३. खरिद ईकाई समितिले सार्बजनिक खरिद ऐन २०६३ र सार्बजनिक खरिद नियमावली २०६४ अनुसार संचालक समितिबाट निर्णय गरि अस्पतालको लागि अत्याबश्यक औषधिहरु तथा सामाग्रीहरुअस्पतालको आन्तरिक आम्दानीबाट खरिद गर्न सक्नेछ ।

देवचुली नगरपालिका राजपत्र

४. खरिद भएका सम्पूर्ण सामाग्रीहरु खरिद समितिको रोहबरमा रुजु गरि खर्च भएर जाने र खर्च भएर नजाने जिन्सी सामाग्रीहरुको अभिलेख स्टोरकिपरले ठिक दुरुस्त राख्नुपर्नेछ र सो को रेखदेख अस्पताल प्रमुखले गर्नुपर्नेछ ।

**१५. आकस्मिक स्वास्थ्य सेवा ब्यबस्थापन :**

१. अस्पतालले २४ सै घण्टा आकस्मिक सेवा प्रदान गर्नेछ ।

२. अस्पतालमा सम्भब उपचार तत्काल गरि थप उपचार आबश्यक भएमा उपयुक्त स्वास्थ्य सस्थामा प्रेषण गर्नुपर्नेछ ।

३. अस्पतालले प्रदान गर्ने आकस्मिक स्वास्थ्य सेवाको विवरण सम्बन्धित स्वास्थ्यकर्मीको जिम्मेवारी र कर्तब्य समेत खुल्ने गरि आकस्मिक उपचार कक्षमा सबैले देख्ने ठाउमा राख्नुपर्नेछ ।

४. अस्पतालले प्रदान गरेको सेवामध्ये आधारभूत सेवा भित्र पर्ने आकस्मिक उपचार निशुल्क उपलब्ध गराउनुपर्नेछ र आधारभूत सेवा बाहेकका आकस्मिक उपचारको खर्चको ब्यबस्थापन स्वास्थ्य बिमा भएको हकमा सोही बिमाबाट र बिमा नभएको वा बिमा रकमले नपुगेको अबस्थामा सम्बन्धित व्यक्ति,निजको अभिभाबक,परिवारका सदस्य,संरक्षक वा संरक्षकत्व गरिरहेको व्यक्तिले व्यहोर्नु पर्नेछ ।

५. अस्पतालमा कसैलाई पनि आकस्मिक उपचारबाट बन्चित गरिने छैन । अति बिपन्न,बेबारिसे,तत्काल संरक्षक र अभिभाबक नभएमा सेवा ग्राहीलाई नगरपालिकाको आकस्मिक उपचार कोष वा अन्य शीर्षकबाट खर्च व्यहोर्ने गरि आकस्मिक सेवा उपलब्ध गराउनुपर्नेछ ।

**६.** यस कार्यविधिमा उल्लेख भएका बिषयहरुको संशोधन गर्नुपरेमा नगर कार्यपालिकाबाट संशोधन गर्न सकिनेछ ।

# अनुसूची-१

**१५ शैयाको देवचुली नगर अस्पताल, दुम्कौलीको स्वीकृत दरबन्दी तेरिज**

| क्रसं. | पद | श्रेणीतह/ | सेवा | समुह | प्रस्तावित दरबन्दी | कै. |
|---|---|---|---|---|---|---|
| १ | मेडिकल जनरलिस्ट | ९/१० | स्वास्थ्य | *मेडिकल जनरलिस्ट* | *१* | |
| २ | मेडिकल अधिकृत | ८ | स्वास्थ्य | *ज.स.हे.* | *२* | |
| ३ | स्टाफ नर्स * | ५/६/७ | स्वास्थ्य | *जनरल नर्सिंग .न.क/* | *६* | |
| ४ | हेल्थ असिस्टेन्ट ** | ५/६/७ | स्वास्थ्य | *हे.ई.* | *५* | ** |
| ५ | ल्याब टेक्निसियन *** | ५/६/७ | स्वास्थ्य | *मेडिकल ल्याब टेक्नोलोजी* | *२* | ** |
| ६ | रेडियोग्राफर | ५/६/७ | स्वास्थ्य | रेडियोग्राफी | १ | |
| ७ | फार्मेसी सहायक | ५/६/७ | स्वास्थ्य | फार्मेसी | १ | |
| ८ | डेन्टल हाइजिनिष्ट | ४/५/६ | स्वास्थ्य | डेन्टिट्री | १ | |
| ९ | कविराज आयुर्बेद ) (सहायक | ५/६/७ | स्वास्थ्य | आयुर्बेद | १ | |

देवचुली नगरपालिका राजपत्र

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | एनेस्थेटिक सहायक | ५/६/७ | स्वास्थ्य | बिबिध | १ | |
| ११ | अपथाल्मिक सहायक | ५/६/७ | स्वास्थ्य | बिबिध | १ | |
| १२ | नायब सुब्बा | रा.प्र.अन.प. | स्वास्थ्य | सा प्रशासन. | १ | |
| १४ | कार्यालय सहयोगी | बिहिन | प्रशासन | सा प्रशासन. | ४ | |
| ९ | सरसफाईकर्मी | बिहिन | प्रशासन | सा प्रशासन. | ३ | |
| **जम्मा** | | | | | ३० | |

* देवचुली नगर अस्पतालमा हाल कार्यरत स्थायी सि.अ.न.मी. ४/५/६ को दरबन्दी स्वीकृत दरबन्दी तेरिजमा नभएकोले निजहरु कार्यरत रहदासम्म स्टाफ नर्सको ५/६/७ को दरबन्दीमा कामकाजमा लगाउने र निज हटेपछि दरबन्दी तेरिज अनुसार नै बिज्ञापन माग गर्ने ।

** देवचुली नगर अस्पतालमा हाल कार्यरत स्थायी सि.अ.हे.ब. ४/५/६ को दरबन्दी स्वीकृत दरबन्दी तेरिजमा नभएकोले निजहरु कार्यरत रहदासम्म हे.अ. को ५/६/७ को दरबन्दीमा कामकाजमा लगाउने र निज हटेपछि दरबन्दी तेरिज अनुसार नै बिज्ञापन माग गर्ने ।

*** दुम्कौली आधारभूत अस्पतालमा हाल कार्यरत स्थायी ल्याब असिस्टेन्ट ४/५/६ को दरबन्दी स्वीकृत दरबन्दी तेरिजमा नभएकोले निज कार्यरत रहदासम्म ल्या.टे.५/६/७ को दरबन्दीमा कामकाजमा लगाउने र निज हटेपछि दरबन्दी तेरिज अनुसार नै बिज्ञापन माग गर्ने ।

आज्ञाले
मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत